मितिः २०८१/०९/१४

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री सरिता खड्का थापा | का.वा.वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री ~~रामकृष्ण भट्टराई~~ सोनी मालमुल (पिउँके) | वडा अध्यक्ष, वडा नं ९ का.वा | Sony |
| १२ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| २० | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री सुर्यनाथ कोइराला | अधिकृत आठौं | |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री नारायण प्रसाद तिमिल्सिना | अधिकृत छैठौं | |
| ७ | श्री प्रदिप लामिछाने | अधिकृत छैठौं | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |
| ९ | श्री रोशन पोखरेल | कम्प्युटर अपरेटर | |

प्रस्तावः-

१. नगर सभा सम्बन्धमा ।

२. विविध ।

## निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०८/२७ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको आ.व. २०८१/०८२ को विशेष नगर सभा मिति २०८१ साल पौष २६ गते बिहान १२.३० बजे नागार्जुन नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालयको प.सं. २०८१/०८२, च.नं. २८६, मिति २०८१/०९/०७ गतेको पत्रबाट गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि यस नगरपालिकाबाट १५ प्रतिशत लागत साझेदारीवापतको रकम रू.२,१९,२३९/- (दुई लाख उन्नाईस हजार दुई सय उनान्चालिस रूपैंया) साझेदारी गर्ने प्रतिबद्धताको गर्दै आ.व. २०८१/०८२ मा उक्त कार्यक्रम सञ्चालनको लागि यस नगरपालिकाको ५ र ७ नं. वडा छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नागार्जुन नगरपालिकाको विषयगत शाखा बसेको भवनको सम्झौता बमोजिम घरधनीले मर्मत गरी साविककै अवस्थामा फिर्ता गरी पाउँ भनि दिएको निवेदन अनुसार सम्झौता बमोजिम उक्त घर मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको नाममा रहेको बा.प्र. ०२-००१ ब २६६१ नं. को कालो/रातो रङ्गको पल्सर १५० मोटरसाईकल मिति २०८०/०५/०४ गते चोरी भएको र हालसम्म फेला नपरेको हुँदा उक्त मोटरसाईकलको लगत कट्टा गर्न यातायात व्यवस्था विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिका वडा नं. ५ स्थित श्री जनउद्धार मा.वि.को कम्पाउण्ड नभएको र विद्यार्थीहरू लड्ने सम्भावना देखिएकोले उक्त विद्यालयको घेरावार तथा नगरपालिकाको एम्बुलेन्स र सववाहन राख्रको लागि पार्किङ्ग सेड सहितको गेट निर्माण गर्न यस नगरपालिकाको आ.व. २०८१/०८२ को खर्च शिर्षक नं. ३११५९ अन्य सार्वजनिक निर्माण/म्याचिङ्ग फण्ड शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उक्त कार्य गर्नको लागि सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७

नागार्जुन नगरपालिकाको बासिन्दालाई निःशुल्क रूपमा रगत उपलब्ध गराउने सम्बन्धमा मेट्रो रक्त सञ्चार सेवाको तर्फबाट कार्यकारी प्रमुख श्री सन्तोष दाहालको निवेदन अनुसार नगरबासीलाई निःशुल्क रगत उपलब्ध गराई प्रमाण कागजातको आधारमा भुक्तानी दिने गरी उक्त संस्थासँग सम्झौताको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकाको वडा नं. ४ स्थित रानीपाटीमा स्थापना भएको गोश्वारा हुलाक कार्यालय, नागार्जुन ईलाका हुलाक कार्यालयको लागि शौचालय नभएको हुँदा सम्बन्धित वडा कार्यालयबाट प.सं. २०८१/०८२, च.नं. ७१०, मिति २०८१/०९/०९ मा शौचालय निर्माणको लागि लागत अनुमान सहित सिफारीस भई आएकोले लागत अनुमान बमोजिमको रकम रू.२,५१,३३०.१०/- (दुई लाख एकाउन्न हजार तिन सय तिस रूपैंया दश पैसा) मात्र यस नगरपालिकाको आ.व. २०८१/०८२ को खर्च शिर्षक नं. ३११५९ अन्य सार्वजनिक निर्माण/म्याचिङ्ग फण्ड शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उक्त कार्य गर्नको लागि निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो

निर्णय नं. ९

यस नगरपालिका वडा नं. ३ स्थित श्री हल्चोक आकाश भैरव मन्दिरमा लाग्ने १२ वर्षे मेला व्यवस्थापनको लागि निवेदन पेश भएकोमा यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर विकास पुस्तिकाको बजेट शिर्षक इन्द्रजात्रा कार्यक्रमको खर्च वडा नं. ३ मा विनियोजित रकम रू.८०,०००/- (असी हजार) र हल्चोक आकाश भैरव कार्यक्रमको खर्च रकम रू.१,५०,०००/- (एक लाख पचास हजार) मात्र हल्चोक आकाश भैरव मन्दिरमा लाग्ने १२ वर्षे मेला व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिकाको लागि आवश्यक तपसिल बमोजिमका ऐन/कार्यविधि/नियमावलीहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | संघसंस्था दर्ता ऐन, २०८१ | तर्जुमा गर्ने |

निर्णय नं. ११

यस नगरपालिका वडा नं. १ स्थित राधाकृष्ण मन्दिर संरक्षण तथा सामुदायिक विकास समिति नेपालको माग निवेदन बमोजिम बहुतले भवन निर्माणको लागि सम्भाव्यता अध्ययन गरी ड्रइङ, डिजाइन र लागत अनुमान सहितको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारीस भई आएकोले यस नगरपालिकाको आ.व. २०८१/०८२ को खर्च शिर्षक नं. ३११७२ विभिन्न योजना तथा आयोजनाहरूको EIA, IEE तथा डि.पि.आर. गर्ने कार्य शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

Basel Convention Regional Centre for Asia and Pacific (BCRC China) द्वारा सञ्चालित Zero-waste City Network को लागि सदस्यता लिनको लागि यस नगरपालिकालाई पत्राचार भई आएकोमा सो कार्यक्रममा आवद्धता जनाउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा स्वीकृतीका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाको नाममा रहेको बा.प्र.०२-००१ ब ६२८४ नं. को मोटरसाईकल प्रहरी पोष्ट रानीवनको संञ्चालनमा रहेकोमा उक्त मोटरसाईकल मर्मत गर्नको लागि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ८५५ र मिति २०८१/०८/२८ गतेको पत्रबाट सिफारीस भई आएकोले उक्त मोटरसाईकल मर्मत खर्च रकम रू.२९,९९७.९३/- (उनान्तिस हजार नौ सय सन्तानब्बे रूपैंया त्रियानब्बे पैसा) मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४

प्रहरी वृत्त स्वयम्भूको प.सं. २०८१/०८२, च.नं. ५८३, मिति २०८१/०९/०३ गतेको पत्रबाट उक्त वृत्तबाट यस नगरपालिका क्षेत्रभित्र गस्तीको लागि मासिक १०० लि. पेट्रोल उपलब्ध गराउँदै आएकोमा नपुग भएको भनि निवेदन पेश गरेकोले १ पटकको लागि २०० लिटर डिजेल उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका, २०८१ मा विनियोजित बजेट हेरफेर गर्नु पर्ने भए संशोधनको लागि वडा समितिको बैठक तथा शाखाहरूको बजेट भए सम्बन्धित समितिको बैठकबाट निर्णय गरी ७ दिन भित्र यस नगरपालिकामा पत्राचार गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १६

ASPA Nepal द्वारा २०८१/१०/८ र ९ गते, होटल याक एण्ड यतिमा आयोजना गर्न लागिएको अग्नि सुरक्षा एवं सचेतना प्रशिक्षण तालिममा यस कार्यालयका वरिष्ठ इन्जिनियर विमोचन भण्डारी र इन्जिनियर कुशल तिवारीलाई प्रतिनिधिका रुपमा उक्त कार्यक्रममा सहभागिता हुन पठाउने निर्णय गरियो ।